खार्पूनाथ गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
याङ्चुबजार, हुम्ला, कर्णाली प्रदेश, नेपाल

प.सः२०७७।०७८ सम्पर्क फोन नं :-९८५८०२११७६१
च.नः ४८२ ९८५८३६६९६७

## सूची दर्ता गराउने सम्बन्धि सुचना
### प्रथम पटक प्रकाशित मिती २०७७/०९/१६

प्रस्तुत बिषयमा यस खार्पुनाथ गाउँपालिकामा चालु आ.ब ७७।७८ को स्वीकृत कार्यक्रम अनुसार तपशिल उल्लेखित कार्यको सेवा परामर्शबाट कार्य गर्नुपर्ने भएको हुनाले योग्य अनुभबी ईच्छुक फर्म, परामर्शदाता, संस्था वा कम्पनीहरुबाट तोकिए बमोजिम आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरिद ऐन , २०६३ को दफा २ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को (संसोधन सहितका ) नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएकाले १५ दिन भित्र रित पूर्वक निवेदन उल्लेखित ईमेल ठेगाना वा कार्यलयमा कार्यलय समय भित्र पेश गरि सूची दर्ता गराउन आव्हन गरिन्छ ।

तपशिल

१) परामर्श सेवाको क्षेत्र तथा बिषय

- स्थानीय अनुकुलन कार्ययोजना निमार्ण

२) आवश्यक कागजपत्रहरु

- रित पूर्वक तोकिएको ढाँचामा आधिकारिक निवेदन
- संस्था दर्ता र आ.व ०७६।०७७ को नविकरण अद्यावधिक प्रमाण पत्रको प्रतिलिपि ।
- स्थाई लेखा नंबर (PAN) तथा मुल्य अभिबृदि कर (VAT) प्रमाण पत्रको प्रतिलिपि ।
- आ.व ०७६।०७७ को कर चुक्त प्रमाण पत्रको प्रतिलिपी ।
- आ.व ०७६।०७७ को लेखा परिक्षणको प्रमाणपत्रको प्रतिलिपी ।
- सम्बन्धित क्षेत्रको कार्यअनुभव र कार्य क्षमता खुल्ने कागजातहरु ।
- संस्थाको प्रोफाईल तथा CV ।
- कालो सूचीमा नरहेको स्व-घोषण ।

३) माथी बुदा नं. २ मा उल्लेखित सम्पूर्ण कागजातहरु संस्थाको आधिकारिक व्यक्तिबाट सहिछाप गरि स्क्यान कपि तल उल्लेखित ईमेल मा पठाउनुपर्ने छ । साथै कार्यलयमा पेश गर्न चाहनेले खामबन्दी सहितको उक्त कागजातहरु तल उल्लेखित ठेगानामा, कार्यलय समय भित्र पेश गर्नुपर्ने छ ।

४) आवेदक फर्म, संस्था, व्यक्ति वा कम्पनीको आधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधारमानी सूची तयार गरिनेछ । नियमानुसार सूचीकृतमा परेका आवेदक फर्म , संस्था , व्यक्ति वा कम्पनीहरुबाट आवश्यकता अनुसार प्रस्तावना माग गरिनेछ ।

निबेदन पेश गर्ने ठेगाना
खार्पुनाथ गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याँन्चुबगर, हुम्ला
सर्म्पक नं : ९८५८३६६९६७

ईमेल : ito.kharpunathmun@gmail.com/info@kharpunathmun.gov.np

निमित्त प्रमुख प्रशासकीय अधिकृत